नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

### भारत स्थायी ठेगाना भएको रितेश कुमार मधेसिया समेतलाई विदेशी विनिमय अपचलन तथा भन्सार चोरी पैठारी गरी राजस्व चुहावट समेत गरेको अभियोगमा रु.३३ करोड ३२ लाख विगो कायम गरी रुपन्देही जिल्ला अदालतमा मिति २०७६।०७।०७ गते मुद्दा दायर।

प्रतिवादीहरु रितेश कुमार मधेसिया र निरज अग्रहरीको बरामद भएको भारतीय नोटको सम्वन्धमा अनुसन्धान गर्दा अन्य मुलुकमा जाँदा र आउँदा प्रति व्यक्ति नेपाली रुपैया ५,०००।- भन्दा बढी साथमा लैजान वा ल्याउन पाउने छैन भन्ने व्यवस्था विपरित निज प्रतिवादीहरुले बयानमा स्वीकार गरे अनुसार भारतबाट नेपाल आँउदा निजहरुबाट नेपाली रुपैया रु.३८,९३,१००।- समेत बरामत भएको निजहरुको मोवाइलबाट देखिएको र निजहरुले स्वीकार गरेको भारतबाट नेपाल ल्याई बैंकमा दाखिलागरेको रकम रु.१६,२५,१२,३१३।- समेत निजहरुले नेपाली रुपैया १६,६५,६९,५६६।७५ बराबरको भारतबाट ल्याई विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १७ को उपदफा (१) बमोजिम कसुर गरेको हुँदा विगो रु.१६,६५,६९,५६६।७५ को तीन गुणाले हुने जनही जरिवाना तथा ऐ ऐनको दफा १७ को उपदफा (९) बमोजिम हदै सम्मको कैद सजाय माग दावी लिई निज प्रतिवादीहरुको मोवाइलहरुबाट निकालिएको तथ्याङ्क अनुसार भारतबाट अबैध भन्सार छली चोरी पैठारी गरी मालवस्तु नेपाल प्रवेश गराइ सो बाट संकलित नेपाली रुपैया विदेशबाट नेपालमा रकम पठाएका व्यक्तीहरुको बैंक खातामा जम्मा गरेको देखिन आएको राजस्व चुहावट समेत गरेको रु. १६,२५,१२,३१३।- को कारोवार समेत भएको देखिएको र निजहरुले स्वीकार गरेको तथा निजहरुको साथबाट बरामद भएको रु.३८,९३,१००।- र भन्सार महसुल राजस्व नतिरी नेपाल प्रवेश भएको भारतीय मोटरसाइकलको मुल्य रु.२,५०,०००।- समेत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिमको विगो रु.१६,६६,५५,४१३।- को भन्सार छली चोरी पैठारी गरी सो वापत नेपाली रुपैया संकलन गरी विविध प्रकृयाबाट नेपाल आउने विदेशी मुद्रा बराबरको रकम विभिन्न व्यक्तीहरुको खाताहरुमा जम्मा गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को (क), (ख), (ग) र (घ) बमोजिमको कसुर समेत गरी राजस्व चुहावट गरेको पुष्टि हुन आएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ बमोजिम बरामदित रु. ३८,९३,१००।- जफत गरी कारोवार गरिसकेको रु. १६,२५,१२,३१३।- समेत निजहरुबाट असुल उपर गराई दफा २३(१) बमोजिम जनही विगो रु.१६,६६,५५,४१३।- तथा हदै सम्मको कैद सजाय समेतको माग दावी लिई जिल्ला अदालत रुपन्देहीमा मिति २०७६।०७।०७ गते मुद्दा दर्ता गरिएको ।